चौमासिक
# तथ्याङ्क गतिविधि
Four Monthly
# Statistical Bulletin



वर्ष - ३९ | पूर्णाङ्क - ११६/११७ | अङ्क - १/२
Year - 39 | Volume - 116/117 | No. - 1/2

## सम्पादकीय

केन्द्रीय तथ्याङ्क विभागको नियमित प्रकाशनहरू मध्ये चालु आ.व. २०७३/७४ को प्रथम र दोस्रो अङ्कको रूपमा यस चौमासिक तथ्याङ्क गतिविधि संयुक्ताङ्क, वर्ष–३९, पूर्णाङ्क–११६ र ११७, अङ्क–१ र २ (साउन–कात्तिक र मंसिर–फागुन) यहाँहरू समक्ष प्रस्तुत गरिएको छ । देशको समग्र तथ्याङ्क क्षेत्रकै गतिविधि समेट्ने जमर्को गरी चौमासिक तथ्याङ्क गतिविधि प्रकाशन गर्न शुरू गरिएको हो ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा केन्द्रीय तथ्याङ्क विभागबाट हालै सार्वजनिक गरिएको राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्कका अनुमानित तथ्याङ्क तथा तालिकाहरू समावेश गरिएका छन । साथै यसमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग सम्बन्धी सूचनाहरूको विवरण, केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरूको जानकारी र राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA) बारे सुसूचितिकरण कार्यक्रम, तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण २०१७ को संक्षिप्त परिचय एवं यस विभागले आ.ब. २०७३/७४ को दोस्रो चौमासिक सम्ममा सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरू समेत प्रस्तुत गरिएको छ । यसमा प्रकाशन भएका तथ्याङ्क तालिकाहरू सम्बन्धित क्षेत्रका पाठकहरूका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरूको सुधार र परिमार्जनको लागि सदा झै पाठक वर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

## विषयवस्तु


- आर्थिक वर्ष २०७३/७४ को राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिकिकरण — २
- राष्ट्रिय लेखा सम्बन्धि केही महत्वपूर्ण तालिकाहरू — ८
- के.त.वि. योजना शाखाबाट सञ्चालित आ.व. २०७४/७५ मा सञ्चालन हुने कार्यक्रम तथा बजेट सम्बन्धमा अन्तरक्रिया — ११
- केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरूको जानकारी र राष्ट्रिय तथ्याङ्क अभिलेखालय (National Data Archive, NADA) बारे सुसूचितिकरण कार्यक्रम — ११
- तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण २०१७ को संक्षिप्त परिचय — १२
- सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) सम्बन्धि सूचनाहरूको विवरण — १३
- आगामी आर्थिक वर्ष २०७४/७५ मा गरिने मुख्य तथ्याङ्कीय कार्यहरू — १५



## सम्पादक मण्डल

निर्देशक श्री तीर्थराज चौलागाईं – अध्यक्ष
निर्देशक श्री रामहरि गैह्रे – सदस्य
निर्देशक श्री राजन सिलवाल – सदस्य
त.अ. श्री कपिलदेव जोशी – सदस्य सचिव

## सल्लाहकार

उपमहानिर्देशक डा. रुद्र सुवाल
उपमहानिर्देशक श्री नेबिन लाल श्रेष्ठ

प्रकाशन प्रतिः २०००

यस प्रकाशनसँग संलग्न अन्य कर्मचारीहरू
निर्देशक डा. महेश कुमार सुवेदी / पुस्तकालय अधिकृत श्री नानीराम कार्की
तथ्याङ्क सहायक श्री कमलराज गौतम

# आर्थिक वर्ष २०७३/७४ को राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिकिकरण

## १. परिचय (Introduction)


अर्थतन्त्रका विविध पक्षहरुलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रुपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Account) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू तयार गरी सार्वजनिक गरिदै आइएको छ । यस्ता सूचकहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरुबाट व्यापक रुपमा प्रयोग हुदै आएको छ । नेपालमा राष्ट्रिय लेखा अनुमानहरु वि.सं. २०१७ सालदेखि शूरु गरी वि.सं. २०२१/२०२२ देखि अविछिन्न रुपमा तयार गरी प्रकाशन गरिँदै आएको छ । यसै क्रममा चालु आर्थिक बर्ष २०७३/७४ को छ देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरु एवं बाँकी अवधिको सामान्य अवस्थाको आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७३/७४ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक बर्ष २०७१/७२ को अन्तिम अनुमान तथा गत आर्थिक बर्ष २०७२/७३ को संशोधित अनुमान प्रकाशित गरिएको छ । हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरु आर्थिक बर्ष २०५७/२०५८ को मूल्यमा आधारित छन् । तथ्यांकको उपलब्धता सँग सँगै केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय लेखा तथ्यांक परिमार्जन नीति बमोजिम आर्थिक बर्ष २०७२/७३ र आर्थिक बर्ष २०७३/७४ का अनुमानहरुलाई क्रमश परिमार्जन सहित प्रकाशित गर्दै लगिने छ ।

हाल सम्म प्राप्त अनुमानहरुको अध्ययन गर्दा चालु आर्थिक बर्ष २०७३/७४ आर्थिक विकासका हिसाबले निकै उत्साहजनक प्रगति देखिन्छ । अनुकुल मौसमले गर्दा कृषि क्षेत्रको उत्पादनमा भएको बढोत्तरी, पुनर्निर्माणका कार्यले लिएको गति र उर्जा संकटबाट पाइएको मुक्तिका कारण देशको अर्थतन्त्र चालु आर्थिक बर्षमा सकारात्मक दिशातर्फ बढेको छ । वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्स क्रमश उत्पादनमुलक क्षेत्रमा लगानी हुदै जानु, कृषिमा व्यवसायीकरण हुदै जानु, राजनीतिक स्थिरता तर्फ देश उन्मुख हुदै जानु, चुनावी वातावरण बन्दै जानु, बन्द हड्ताल जस्ता कार्यमा आएको कमी तथा सरकारले लिएका उत्पादनमुलक नीति कार्यान्वयन पक्ष सुधार हुनु आदि जस्ता कारणहरुले चालु आर्थिक बर्षमा देशको अर्थतन्त्र सुधारउन्मुख भएको हो । तर गत आर्थिक बर्ष २०७२/७३ मा भने भुकम्पको प्रतिकुल प्रभाव, प्रतिकुल मौसमका कारण कृषि उत्पादनमा आएको गिरावट, लामो समयसम्म सीमानाकामा भएको अवरोध तथा बन्द हड्तालका कारण देशको अर्थतन्त्रमा चिन्ताजनक रुपमै गिरावट आएको देखिन्छ । आर्थिक विकासका हिसाबले गत आर्थिक बर्ष २०७२/७३ भने सन्तोषजनक रहन सकेन ।

## २ कुल गार्हस्थ्य उत्पादन बार्षिक बृद्धिदर (Annual Growth Rate of GDP)

चालु आर्थिक वर्ष २०७३/७४ को छ देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को स्थिर मूल्य बृद्धिदर आधारभूत मूल्यमा (Basic price) ६.९४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । सोही बृद्धिदर गत आर्थिक वर्ष २०७२/७३ मा ०.०१ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७१/७२ मा २.९७ प्रतिशत हुने अन्तिम अनुमान रहेको छ (चित्र नं. १) ।


चित्र नं. १: कूल गार्हस्थ्य उत्पादन बार्षिक बृद्धिदर




## ३ बृहद् औद्योगिक समूह अनुसार कुल मूल्य अभिबृद्धि बृद्धिदर (GVA by Broad Industry Group)

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीयक क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector)

चित्र नं. २: बृहद् औद्योगिक समूह अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश



गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा विगत तीन बर्षमा प्राथमिक क्षेत्रको कुल गार्हस्थमा योगदान केही घट्न गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ तर द्वितीयक क्षेत्रको योगदानमा खासै घटबढ भएको देखिदैन (चित्र नं. २)

### ३.१ प्राथमिक क्षेत्र *(Primary Sector)*

यस क्षेत्र अन्तरगत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन् क्षेत्र पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ३० प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ५.३२ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । चालु आर्थिक बर्षमा मौसम अनुकुल भएको, कृषि व्यवसायीकरणमा उल्लेख्य प्रगति हुदै गएको, पुनर्निर्माणका लागि वन पैदावरका सामाग्री उत्पादनमा बृद्धि भएको तथा उत्खनन् क्षेत्रको उत्पादन बृद्धि जस्ता कारणहरुले यस क्षेत्रको उत्पादनमा निकै बृद्धि भएको देखिन्छ ।

### ३.२ द्वितीयक क्षेत्र *(Secondary Sector)*


यस क्षेत्र अन्तरगत निर्माण, उद्योग र विद्युत, ग्यास तथा पानी क्षेत्र पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १४ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर १०.९७ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । खासगरी पुनर्निर्माण तथा अन्य निर्माण कार्यको तिव्रता, उर्जा क्षेत्रको विस्तार, औद्योगिक क्षेत्रमा भएको उत्पादन बृद्धि लगायतका कारण यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदरमा उल्लेख्य प्रगति देखिन्छ ।

### ३.३ सेवा क्षेत्र *(Tertiary Sector)*

यस क्षेत्र अन्तरगत थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात संचार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५५.९९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ६.९ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । स्वदेशी वस्तुहरुको उत्पादनमा भएको बृद्धि तथा आयातित वस्तुहरुमा भएको बृद्धिले व्यापार क्षेत्रको उत्पादन सकारात्मक भएको देखिन्छ भने पर्यटनहरुको आगमनमा भएको बृद्धि, व्यवसायकि वातावरण अनुकुल हुनु जस्ता कारणले होटल, रेष्टुरेण्ट, यातायात तथा संचार क्षेत्रको आर्थिक प्रगति उल्लेखनिय भएको छ । शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवाहरुमा पनि क्रमिक रुपमा प्रगति भइरहेको देखिन्छ ।

## ४ औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिबृद्धि (GVA by Industry Classification)

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले २९.३७ प्रतिशत तथा गैर कृषि क्षेत्रले ७०.६३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन तथा मत्स्य) को कुल मूल्य अभिबृद्धि (GVA) ५.२९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३) । त्यसैगरी गैर कृषि क्षेत्रको ७.७४ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३) । आर्थिक क्षेत्रहरूको विस्तृत वर्गीकरण अनुसार वार्षिक वृद्धिदर निम्नानुसार हुने प्रारम्भिक अनुमान गरिएको छ ।




चित्र नं. ३: कृषि तथा गैर कृषि क्षेत्रको कुल मूल्य अभिबृद्धि बृद्धिदर

### ४.१ कृषि तथा वन (Agriculture and Forestry)

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २८.८९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक बर्षमा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) वार्षिक बृद्धिदर ५.२५ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । प्रमुख बालीहरु जस्तै धान, गहुँ, मकै आदिको उत्पादनमा आएको बृद्धिका कारण यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बार्षिक बृद्धिदर बढेको अनुमान गरिएको हो (तालिका १) ।

कृषि विकास मन्त्रालयको द्वैमासिक बालीनाली स्थिति प्रतिवेदन २०७३ (माघ/फाल्गुन) अनुसार धानको उत्पादन चालु

आर्थिक बर्षमा २१.७ प्रतिशतले बृद्धि हुने आँकडा सार्वजनिक भएको छ (तालिका १) । कृषि क्षेत्र अन्तर्गत धानको कुल मूल्य अभिबृद्धिमा २०.७ प्रतिशत योगदान रहेको छ। त्यस्तै गरी चालु आर्थिक बर्षमा अधिकांश कृषि क्षेत्रको उत्पादन बृद्धि हुने अनुमान मन्त्रालयको छ। अनुकुल मौसम, कृषि क्षेत्रको व्यवसायीकरण, मल बीउको उपलब्धता, सिंचाइमा भएको विस्तार आदि जस्ता कारणहरुले चालु आर्थिक बर्षमा यस क्षेत्रको बृद्धिदरमा उल्लेखनिय प्रगति भएको अनुमान गरिएको छ ।

तालिका १: कृषि उत्पादनको बृद्धि

| प्रमुख बाली | कृषि क्षेत्रको GVA मा योगदान | उत्पादन मे.टन. | | | उत्पादनमा भएको बृद्धि (चालु आ.ब.मा) |
|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | |
| धान | २०.७ % | ४७८८६१२ | ४२९९०७८ | ५२३०३२७ | २१.७ % |
| गहुँ | ७.१ % | १९७५६२५ | १७३६८४९ | १७७१५८६ | २.० % |
| मकै | ६.९ % | २१४५२९१ | २२३१५१७ | २२५९४४५ | १.३ % |
| कोदो | १.४ % | ३०८४८८ | ३०२३९७ | ३०६२१५ | १.३ % |
| आलु | ४.७ % | २५८६२८७ | २५५१७३९ | २७५५८७९ | ८.० % |
| तरकारी | ९.७ % | ३५८००८५ | ३८१९८०९ | ४१६३५९२ | ९.० % |
| तेलहन बाली | १.९ % | २०९६१३ | १८५४८३ | १७८०६३ | -४.० % |
| दलहन बाली | ४.६ % | ३५३८५४ | ३१६१५६ | ३१८००० | ०.६ % |

श्रोत: कृषि विकास मन्त्रालय, २०७४

## ४.२ मत्स्यपालन *(Fishery)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.४८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। चालू आर्थिक बर्ष २०७३/७४ मा अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बार्षिक बृद्धिदर ६.८६ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। मत्स्य उत्पादनमा मत्स्य सेवा विभागले लिएको लक्ष्य हासिल हुने अनुमान सो विभागको प्रारम्भिक अनुमानमा रहेको छ। सरकारी तथा गैर सरकारी प्रयासहरु सफल हुदै गएका कारण मत्स्य उत्पादनमा बृद्धि भएको अनुमान गरिएको छ ।

तालिका २: मासिक विद्युत उत्पादन (GWH)

| महिना | २०७२/७३ | | | २०७३/७४ | | | चालु आ.ब. मा उत्पादनमा भएको बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | प्राधिकरणको उत्पादन | आन्तरिक खरिद | जम्मा | प्राधिकरणको उत्पादन | आन्तरिक खरिद | जम्मा | |
| श्रावण | २३५.३ | १२५.० | ३६०.३ | १९१.६ | १६६.० | ३५७.६ | -०.७ % |
| भाद्र | २२५.८ | १२३.३ | ३४९.१ | २२२.२ | १७१.२ | ३९३.३ | १२.७ % |
| आश्विन | २२८.७ | १२९.८ | ३५८.५ | २२३.३ | १६७.८ | ३९१.१ | ९.१ % |
| कार्तिक | २१९.९ | १३२.८ | ३५२.७ | २२९.८ | १७४.८ | ४०४.६ | १४.७ % |
| मंसिर | १६८.८ | १००.५ | २६९.४ | २०२.६ | १५६.५ | ३५९.१ | ३३.३ % |
| पौष | १४२.१ | ८१.५ | २२३.६ | १४७.५ | १३१.० | २७८.५ | २४.६ % |
| माघ | १३७.१ | ६६.५ | २०३.६ | ११८.६ | १०३.७ | २२२.३ | ९.२ % |
| फाल्गुन | ११८.२ | ५६.९ | १७५.१ | १३०.४ | ९५.९ | २२६.३ | २९.३ % |
| चैत्र | १३२.५ | ५३.९१ | १८६.४१ | | | | |
| वैशाख | १६०.१ | ५१.९ | २११.९ | | | | |
| जेष्ठ | १८१.८ | ९५.४ | २७७.२ | | | | |
| आषाढ | १७६.९ | १५१.५ | ३२८.४ | | | | |

श्रोत: नेपाल विद्युत प्राधिकरण, २०७४

## ४.३ खानी तथा उत्खनन् *(Mining and Quarrying)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.६३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। खानी तथा उत्खनन् क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा यस वर्षको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ८.१९ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। पुनर्निमाणका कार्य सँगसँगै भूकम्प अति प्रभावित जिल्लाहरूमा ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खननमा निकै बृद्धि आएको छ भने अन्य निर्माणहरुमा पनि तिव्रता आएका कारण अन्य जिल्लाहरूमा समेत ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खनन्मा बृद्धि भएको हो। जसका कारण यस क्षेत्रको बृद्धिदरमा उल्लेख्य प्रगति हुने अनुमान गरिएको छ ।

## ४.४ उद्योग *(Manufacturing)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.६७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। उद्योग क्षेत्रमा आर्थिक वर्ष २०७२/७३ को तुलनामा आर्थिक वर्ष २०७३/७४ मा कुल मूल्य अभिबृद्धि (GVA) ९.७ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक बर्षमा भुकम्पको प्रभाव तथा सिमानाकामा भएको अवरोधका कारण संकुचित भएको यस क्षेत्र, चालु आर्थिक बर्षमा भने अनुकुल वातावरणका कारण अधिक मात्रामा उत्पादन हासिल गर्न सफल भएको छ। चालु आर्थिक बर्षमा यस क्षेत्रले इन्धन तथा कच्चा पदार्थको पर्याप्त आपुर्ति प्राप्त गर्नुका साथै बन्द तथा हड्ताल जस्ता अबरोध सामना गर्नु परेन जसका कारण उत्पादनमा उल्लेख्य बृद्धि हुन गएको छ ।

## ४.५ विद्युत, ग्यास तथा पानी *(Electricity, Gas and Water)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.१६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा यस आर्थिक वर्षमा १२.९७ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। चालु आर्थिक बर्षमा श्रावण महिना बाहेक अन्य सबै महिनामा विद्युत उत्पादन गत बर्षको तुलनामा उल्लेख्य बृद्धि भएका कारण यस क्षेत्रको मूल्य अभिबृद्धि उच्च अंकले बृद्धि भएको देखिन्छ ।

## ४.६ निर्माण *(Construction)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.१८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको

छ। अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा निर्माण क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) ११.६६ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। निर्माण तथा पुनर्निर्माणका कार्यहरुमा बढोत्तरी हुनु नै यस क्षेत्रको उत्पादन बृद्धि हुनुका प्रमुख कारण हुन्। खासगरी मेलम्ची खानेपानी आयोजना, अपर तामाकोशी जल विद्युत आयोजना लगायत अन्य ठूला ठूला आयोजनाहरुको निर्माण कार्यले गर्दा यो क्षेत्रको उत्पादन उल्लेख्य बृद्धि हुन पुगेको हो।


### ४.७ थोक तथा खुद्रा व्यापार *(Wholesale and Retail Trade)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १३.५२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। थोक तथा खुद्रा व्यापार क्षेत्रमा आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा कुल मूल्य अभिबृद्धि (GVA) ९.७६ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। गत आर्थिक बर्षमा यस क्षेत्रका उत्पादनमा ह्रास भएको भएता पनि चालु आर्थिक बर्षमा बिक्रीयोग्य वस्तुहरूको समग्र उत्पादनमा बृद्धि हुँदा यस क्षेत्रको उत्पादन पनि बढ्न गएको छ। प्रमुख कृषिजन्य उत्पादनमा आएको बृद्धि, उद्योग क्षेत्रमा भएको उत्पादनको बृद्धि, आयातजन्य वस्तुको आयातमा आएको बृद्धिका कारणले गत बर्षको तुलनामा यस बर्ष यस क्षेत्रको बृद्धिदर निकै सकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान गरिएको हो।

### ४.८ होटल तथा रेष्टुरेन्ट *(Hotel and Restaurant)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.९८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। होटल तथा रेष्टुरेन्ट क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA), अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा ७.०९ प्रतिशतले बृद्धि हुने अनुमान रहेको छ। पर्यटकको आगमन संख्यामा उल्लेख्य बृद्धि हुनु (चित्र नं. ४), आन्तरिक पर्यटन वर्ष अभियानले आन्तरिक पर्यटनको प्रबर्धन हुनु, उर्जा समस्या समाधान भई होटल तथा रेष्टुरेण्टलाई आवश्यक उर्जा उपलब्ध हुनु जस्ता कारणहरुले गत आर्थिक बर्षमा संकुचित भएको यस क्षेत्रले चालु आर्थिक बर्षमा भने निकै प्रगति गरेको देखिन्छ।

चित्र नं. ४: पर्यटन आगमन संख्या




### ४.९ यातायात, संचार तथा भण्डारण *(Transportation, Communication and Storage)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ८.११ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) मा अघिल्लो वर्ष २०७२/७३ को तुलनामा यस आर्थिक वर्ष २०७३/७४ मा ६.५० प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। चालु आर्थिक बर्षमा यातायात क्षेत्र प्रभावित हुने गरी बन्द, हड्ताल जस्ता अबरोधहरु निकै कम भएका कारण यस क्षेत्रको उत्पादन बृद्धि भएको हो। अर्थतन्त्रका अन्य क्षेत्रहरु प्रगति उन्मुख भए सँगै मानिसहरु चलायमान हुँदा यातायात क्षेत्र लाभान्वित हुन पुगेको देखिन्छ। संचार क्षेत्रको सेवा विस्तार सँगसँगै प्रयोग कर्तामा समेत आएको बृद्धिका कारण यस क्षेत्रको मूल्य अभिबृद्धि बढ्न गएको देखिन्छ।

### ४.१० वित्तीय मध्यस्थता *(Financial Intermediation)*

वित्तीय मध्यस्थता क्षेत्र भित्र बैंकिङ समूहमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकासबैंक, वित्त कम्पनीहरूको साथै सहकारी संस्थाहरूको कारोबार रहेका छन्। बीमा समूहमा बीमा समिति, जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबारहरू रहेका छन्। त्यस्तै गरी सामाजिक सुरक्षा योगदान समूहमा नेपाल धितोपत्र बोर्ड, कर्मचारी संचय कोष, नागरिक लगानी कोष आदिका कारोबारहरु रहेका छन्। चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.४० प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। समग्र रुपमा यी क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा ६.७२ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) मा बृद्धि हुने अनुमान रहेको छ। बचत तथा ऋण खाता संख्यामा भएको बढोत्तरी तथा वित्तिय संस्थाहरुका शाखा विस्तारका कारण (तालिका ३) यस क्षेत्रको मूल्य अभिबृद्धिमा उल्लेख्य बृद्धि भएको हो।

तालिका ३: बचत खाता, ऋण खाता, तथा वित्तिय संस्थाहरुको शाखा संख्या विवरण

| विवरण | २०७१ पौष | २०७२ पौष | २०७३ पौष |
|---|---|---|---|
| बचत खाता संख्या | १३९८४४६८ | १५७५५८५७ | १८२०६७२४ |
| ऋण खाता संख्या | १००३५२३ | १०३८१६७ | ११५६८४१ |
| वित्तिय मध्यस्थताहरुको शाखा संख्या | २७०६ | २८६४ | २९७९ |

श्रोत: नेपाल राष्ट्र बैंक

४.११ रियल स्टेट तथा व्यावसायिक सेवा ***(Real Estate and Business Activities)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ९.९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्र अन्तर्गत कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर अघिल्लो वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा ५.२७ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। शहरी क्षेत्रमा घर जग्गाको कारोवारमा आएको बढोत्तरी तथा व्यावसायिक कारोवारमा आएको सामान्य बृद्धिका कारण यस क्षेत्रको बृद्धिदर सकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान रहेको छ।

४.१२ सार्वजनिक प्रशासन तथा रक्षा ***(Public Administration and Defense)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले तीन प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा चालू आर्थिक वर्ष २०७३/७४ को कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ९.६४ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको

| तालिका ४: निजामति कर्मचारी संख्या | | | |
|---|---|---|---|
| विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| निजामति कर्मचारी संख्या | ८१६५० | ८३२४५ | ८४२२४ |
| | | | श्रोत: निजामति किताबखाना, २०७४ |

बजेट तथा खर्चको अर्थात् उत्पादनको लागतका आधारमा तयार गरिएको अनुमान अनुसार यस क्षेत्रमा उक्त बृद्धिदर हासिल हुने पूर्वानुमान छ। खासगरी सार्वजनिक प्रशासन तथा सुरक्षामा हुने तलब भत्ता सम्बन्धी खर्चले यस क्षेत्रको मूल्य अभिबृद्धि प्रतिनिधित्व गरेको हुन्छ। निजामति कर्मचारीहरुको संख्यामा भएको क्रमिक बृद्धि (तालिका ४), निर्वाचनका लागि सुरक्षा क्षेत्रमा भएको तलब भत्ता वितरण, पुनर्निमाणमा खटिने अस्थायी कर्मचारीको तलब भत्ता आदिका आधारमा यस क्षेत्रको सेवा उत्पादनमा बृद्धि हुने अनुमान गरिएको हो।

४.१३ शिक्षा ***(Education)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.२३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा कुल मूल्य अभिबृद्धि (GVA) ४.२१ प्रतिशतले बृद्धि हुने पूर्वानुमान गरिएको छ। निजी तथा गैरसरकारी क्षेत्रहरूबाट संचालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तित सूचकको आधारमा तयार गरिएको अनुमान अनुसार पछिल्लो बृद्धिदर हासिल हुने प्रारम्भिक अनुमान गरिएको छ। मध्यवर्ति उपयोग कम भएको तर आयमा बढोत्तरी भएका कारण निजी शैक्षिक संस्थाहरुको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर बढेको हो। तथापी विद्यार्थि संख्या उल्लेख्य रुपमा नबढेका कारण यस क्षेत्रको मूल्य अभिबृद्धि पनि सामान्य रुपमा मात्र बृद्धि भएको देखिन्छ।

४.१४ स्वास्थ्य ***(Health)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.७४ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रतर्फ आर्थिक वर्ष २०७२/७३ को तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा ६.५८ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। बिरामीहरुको संख्यामा आएको सामान्य बृद्धि सँगै यस क्षेत्रको मूल्य बृद्धि बढ्न गएको हो। गत आर्थिक बर्ष २०७२/७३ मा भने भुकम्पबाट प्रभावित बिरामीहरुको उपचारमा मध्यवर्ति खर्च उल्लेख्य रुपमा बढ्दा यस क्षेत्रको मूल्य अभिबृद्धि सामान्य मात्रामा बृद्धि भएको थियो। स्वास्थ्य सेवाको पहुँच विस्तारका साथ साथै मानिसहरुमा स्वास्थ्य सम्बन्धि चेतना अभिबृद्धि हुनु तथा निजि स्वास्थ्य संस्थाहरुको आयमा पनि क्रमिक रुपमा बृद्धि भएका कारण यस प्रकारको प्रगति देखिएको हो।

४.१५ अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा ***(Other Community, Social and Personal Services)***


चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.०९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्ष २०७३/७४ मा ५.८८ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। केन्द्रीय तथा स्थानीय सरकारको सामुदायिक, सामाजिक क्षेत्रमा तर्जुमा गरिएको बजेट तथा खर्चको आधारमा र निजी क्षेत्रहरूबाट संचालित एफ.एम. रेडियो तथा टेलिभिजन जस्ता मनोरञ्जनात्मक सेवाको आर्थिक गतिविधिहरूको आधारमा यस क्षेत्रको गार्हस्थ्य उत्पादन संशोधन हुने अनुमान गरिएको छ।

**५ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश तथा कुल मूल्य अभिबृद्धिको बृद्धिदर (Weight of Various Industries in GDP and Growth Rate of Value Added)**


चालु आर्थिक बर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा

सबैभन्दा बढी अंश विगत बर्षहरु जस्तै कृषि क्षेत्रको रहेको अनुमान गरिएको छ । गत आर्थिक बर्ष २०७२/७३ कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको ३१.१ प्रतिशत हिस्सा ओगटेकोमा चालु आर्थिक बर्षमा यो हिस्सा घटेर २८.९ प्रशिशत हुन पुगेको अनुमान गरिएको छ (चित्र नं. ५)। कुल पन्ध्रवटा औद्योगिक क्षेत्रमध्ये गत बर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनको अंश बढ्नेमा रियल स्टेट तथा व्यवसायिक सेवा, यातायात, संचार तथा भण्डारण, निर्माण, शिक्षा, वित्तिय मध्यस्थता, अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, स्वास्थ्य, विद्युत्, ग्याँस र पानी, खानी तथा उत्खनन् गरी दशवटा र घट्नेमा कृषि तथा वन, मत्स्य, उद्योग, थोक तथा खुद्रा व्यापार, होटल गरी पाँचवटा रहेका छन् । (चित्र नं. ५)।

त्यसैगरी गत आर्थिक बर्षको तुलनामा चालु आर्थिक बर्षको कुल मूल्य अभिबृद्धि बृद्धिदरको अध्ययन गर्दा कुल पन्ध्रवटा औद्योगिक क्षेत्र मध्ये १२ वटा क्षेत्रको तुलनात्मक हिसाबले बृद्धिदर बढेको अनुमान रहेको छ भने मत्स्य, वित्तिय मध्यस्थता, शिक्षा क्षेत्रमा




तुलनात्मक हिसाबले बृद्धिदर घटेको देखिन्छ। चालु आर्थिक बर्षमा कुल मूल्य अभिबृद्धि बृद्धिदर सबै भन्दा बढी विद्युत्, ग्याँस र पानी क्षेत्रमा र त्यस पछि क्रमशः निर्माण, थोक तथा खुद्रा व्यापार क्षेत्रमा रहेको अनुमान गरिएको छ (चित्र नं. ६) । चालु आर्थिक बर्षमा कुनै पनि क्षेत्रको कुल मूल्य अभिबृद्धि बृद्धिदर नकारात्मक नरहेको अनुमान गरिएको छ (चित्र नं. ६) । तुलनात्मक रुपमा सबैभन्दा कम बृद्धिदर शिक्षा क्षेत्रमा र त्यसपछि कृषि तथा वन क्षेत्रमा रहेको छ (चित्र नं. ६) ।




## ६ आ.ब. २०७३/७४ मा केही प्रमुख आर्थिक सूचकहरुको अवस्था (Key Macroeconomic Indicators)

- स्थिर मूल्य अनुसार कुल गार्हस्थ उत्पादन बृद्धिदर आधारभुत मूल्यमा ६.९४ प्रतिशत ।
- चालु मूल्य अनुसार कुल गार्हस्थ उत्पादन आधारभुत मूल्यमा ३७,४७,९५२ मिलियन ।
- चालु मूल्य अनुसार कुल मध्यवर्ति उपभोग उपभोक्ताको मूल्यमा १३,५५,३३० मिलियन ।
- चालु मूल्य अनुसार कुल गार्हस्थ उत्पादन आधारभुत मूल्यमा २२,९३,९८९ मिलियन ।
- चालु मूल्य अनुसार कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा २५,९९,२३४ मिलियन ।
- चालु मूल्यमा कुल स्थिर पुँजी निर्माण ८,७८,६०५ मिलियन (कुल गार्हस्थ उत्पादनको ३३.८ प्रतिशत)।
- चालु मूल्यमा अन्तिम उपभोग खर्च २३,३२,७४१ मिलियन (कुल गार्हस्थ उत्पादनको ८९.७५ प्रतिशत)।
- चालु मूल्यमा वस्तु तथा सेवाको खुद निर्यात -८,३८,४६९ मिलियन ।
- उपभोक्ता मूल्य सुचकांक, आधार बर्ष २०००/२००१ को मूल्यमा ३२४.२२ ।
- रेमिटेन्स ७,००,२६३ मिलियन (कुल गार्हस्थ उत्पादनको २६.९४ प्रतिशत) ।
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु ९०,५२१ अर्थात् ८५३ यु.एस डलर ।

# राष्ट्रिय लेखा सम्बन्धि केही महत्वपूर्ण तालिकाहरू :

## Table 1: Annual Growth Rate of GDP by Economic Activities
### (at constant prices)

*In percentage*

| | Industrial Classification | 2069/70 | 2070/71 | 2071/72 | 2072/73R | 2073/74P |
|---|---|---|---|---|---|---|
| | | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 |
| A | Agriculture and forestry | 1.07 | 4.54 | 1.00 | -0.19 | 5.25 |
| B | Fishing | 2.71 | 4.90 | 7.09 | 11.76 | 6.86 |
| C | Mining and quarrying | 1.98 | 11.85 | 2.34 | -2.78 | 8.19 |
| D | Manufacturing | 3.72 | 6.28 | 0.37 | -8.00 | 9.70 |
| E | Electricty gas and water | 0.28 | 3.27 | 0.78 | -7.40 | 12.97 |
| F | Construction | 2.45 | 9.08 | 2.85 | -4.36 | 11.66 |
| G | Wholesale and retail trade | 7.25 | 10.89 | 2.42 | -2.54 | 9.76 |
| H | Hotels and restaurants | 5.50 | 6.77 | 3.33 | -9.68 | 7.09 |
| I | Transport, storage and communications | 7.65 | 5.24 | 6.23 | 2.02 | 6.50 |
| J | Financial intermediation | -0.91 | 3.70 | 2.91 | 8.55 | 6.72 |
| K | Real estate, renting and business activities | 5.19 | 3.64 | 0.77 | 3.72 | 5.27 |
| L | Public administration and defence | 5.53 | 5.04 | 8.84 | 2.52 | 9.64 |
| M | Education | 5.92 | 4.81 | 5.09 | 7.04 | 4.21 |
| N | Health and social work | 4.48 | 4.50 | 11.37 | 3.25 | 6.58 |
| O | Other community, social and personal service activities | 4.79 | 4.77 | 12.52 | 3.67 | 5.88 |
| | Agriculture, Forestry and Fishing | 1.10 | 4.55 | 1.10 | 0.03 | 5.29 |
| | Non-Agriclture | 5.01 | 6.41 | 3.89 | 0.16 | 7.74 |
| | *Total GVA including FISIM* | 3.64 | 5.77 | 2.95 | 0.11 | 6.93 |
| | Financial Intermediation Services Indirectly Measured (FISIM) | 0.72 | 7.10 | 2.41 | 2.55 | 6.62 |
| | *Gross Domestic Product (GDP) at basic prices* | 3.76 | 5.72 | 2.97 | 0.01 | 6.94 |
| | Taxes less subsidies on products | 8.16 | 8.88 | 6.93 | 4.40 | 12.80 |
| | *Gross Domestic Product (GDP)* | 4.13 | 5.99 | 3.32 | 0.41 | 7.50 |

**R = Revised/P = Preliminary** *NSIC categories P and Q are included in category O.* **April 25, 2017**

## Table 2: Gross Domestic product: Expenditure Category
### (at current prices)

*Rs. millions*

| Description | 2069/70 | 2070/71 | 2071/72 | 2072/73R | 2073/74P |
|---|---|---|---|---|---|
| | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 |
| **Gross Domestic Product (GDP)** | **1,695,011** | **1,964,540** | **2,130,150** | **2,247,427** | **2,599,234** |
| **Final Consumption Expenditure** | **1,516,129** | **1,730,312** | **1,934,046** | **2,161,519** | **2,332,741** |
| ***Government consumption*** | ***168,407*** | ***201,915*** | ***232,532*** | ***259,704*** | ***304,738*** |
| Collective Consumption | 112,987 | 142,052 | 176,324 | 192,478 | 216,283 |
| Individual Consumption | 55,420 | 59,863 | 56,208 | 67,225 | 88,455 |
| ***Private consumption*** | ***1,318,561*** | ***1,493,375*** | ***1,662,962*** | ***1,861,157*** | ***1,981,514*** |
| Food | 850,553 | 976,132 | 1,100,694 | 1,228,426 | 1,287,139 |

| | | | | | |
|---|---|---|---|---|---|
| Non-food | 322,633 | 356,845 | 389,869 | 449,781 | 498,442 |
| Services | 145,376 | 160,399 | 172,399 | 182,950 | 195,934 |
| ***Nonprofit institutions serving households*** | ***29,161*** | ***35,022*** | ***38,552*** | ***40,659*** | ***46,489*** |
| ***Actual final consumption expenditure of household*** | ***1,403,142*** | ***1,588,260*** | ***1,757,722*** | ***1,969,041*** | ***2,116,458*** |
| **Gross Capital Formation** | **632,601** | **808,758** | **831,983** | **757,680** | **1,104,962** |
| ***Gross Fixed Capital Formation(GFCF)*** | ***382,972*** | ***462,013*** | ***595,823*** | ***647,294*** | ***878,605*** |
| Government | 75,386 | 94,979 | 110,254 | 160,502 | 189,293 |
| Private | 307,586 | 367,034 | 485,568 | 486,792 | 689,312 |
| ***Change in Stock **** | ***249,629*** | ***346,744*** | ***236,160*** | ***110,386*** | ***226,357*** |
| **Net Exports of Goods and Services** | **-453,719** | **-574,531** | **-635,879** | **-671,772** | **-838,469** |
| ***Imports*** | ***634,899*** | ***800,552*** | ***883,444*** | ***885,110*** | ***1,092,108*** |
| Goods | 547,294 | 696,373 | 761,773 | 756,488 | 938,574 |
| Services | 87,605 | 104,179 | 121,671 | 128,623 | 153,533 |
| ***Exports*** | ***181,180*** | ***226,022*** | ***247,565*** | ***213,338*** | ***253,638*** |
| Goods | 85,990 | 100,961 | 98,276 | 74,866 | 90,400 |
| Services | 95,191 | 125,061 | 149,288 | 138,472 | 163,238 |

*Change in stock is derived residually, therefore, statistical discrepancy /error is also included in this entry.

**R = Revised/P = Preliminary**

## Table 3: Composition of Gross Domestic Product by ISIC Division
## (at current prices)

In percent

| NSIC | Industrial Classification | 2069/70 | 2070/71 | 2071/72 | 2072/73R | 2073/74P |
|---|---|---|---|---|---|---|
| | | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 |
| A | Agriculture and forestry | 33.40 | 32.16 | 31.27 | 31.13 | 28.89 |
| B | Fishing | 0.42 | 0.48 | 0.47 | 0.51 | 0.48 |
| C | Mining and quarrying | 0.61 | 0.60 | 0.60 | 0.59 | 0.63 |
| D | Manufacturing | 6.35 | 6.20 | 6.03 | 5.72 | 5.67 |
| E | Electricty gas and water | 1.30 | 1.17 | 1.12 | 1.02 | 1.16 |
| F | Construction | 6.93 | 6.93 | 7.06 | 6.82 | 7.18 |
| G | Wholesale and retail trade | 14.54 | 14.90 | 14.69 | 14.10 | 13.52 |
| H | Hotels and restaurants | 1.89 | 1.94 | 2.05 | 2.00 | 1.98 |
| I | Transport, storage and communications | 8.90 | 8.55 | 8.37 | 8.08 | 8.11 |
| J | Financial intermediation | 3.93 | 4.36 | 4.64 | 5.20 | 5.40 |
| K | Real estate, renting and business activities | 8.81 | 8.40 | 8.47 | 9.23 | 9.90 |
| L | Public administration and defence | 2.04 | 2.43 | 2.61 | 2.54 | 3.00 |
| M | Education | 5.79 | 6.33 | 6.56 | 6.83 | 7.23 |
| N | Health and social work | 1.41 | 1.52 | 1.67 | 1.63 | 1.74 |
| O | Other community, social and personal service activities | 3.67 | 4.04 | 4.39 | 4.57 | 5.09 |

**R = Revised/P = Preliminary**

**April 25, 2017**

## Table 4: Summary of Macro Economic Indicators

| Description | 2069/70<br>2012/13 | 2070/71<br>2013/14 | 2071/72<br>2014/15 | 2072/73R<br>2015/16 | 2073/74P<br>2016/17 |
|---|---|---|---|---|---|
| **Percapita GDP (NRs.)** | **62283** | **71225** | **76201** | **79325** | **90521** |
| Annual Change in nominal percapita GDP (%) | 9.50 | 14.36 | 6.99 | 4.10 | 14.11 |
| **Percapita GNI (NRs.)** | **62764** | **72413** | **77426** | **80525** | **91488** |
| Annual Change in nominal percapita GNI (%) | 9.46 | 15.37 | 6.92 | 4.00 | 13.61 |
| **Percapita GNDI (NRs.)** | **81051** | **95308** | **102823** | **107992** | **120869** |
| Annual Change in nominal percapita GNDI (%) | 10.91 | 17.59 | 7.88 | 5.03 | 11.92 |
| **Percapita GDP at constant price (NRs.)** | **25646** | **26820** | **27342** | **27089** | **28733** |
| Annual Change in real percapita GDP (%) | 2.74 | 4.58 | 1.95 | -0.92 | 6.07 |
| **Percapita GNI at constant price (NRs.)** | **26397** | **27939** | **28422** | **28163** | **29627** |
| Annual Change in real percapita GNI (%) | 3.18 | 5.84 | 1.73 | -0.91 | 5.20 |
| **Percapita GNDI at constant price (NRs.)** | **34088** | **36773** | **37745** | **37769** | **39142** |
| Annual Change in real percapita GNDI (%) | 4.54 | 7.88 | 2.64 | 0.06 | 3.64 |
| **Percapita incomes in US$** | | | | | |
| Nominal Percapita GDP (US$) | 708 | 725 | 766 | 746 | 853 |
| Nominal Percapita GNI (US$) | 714 | 737 | 778 | 757 | 862 |
| Nominal Percapita GNDI (US$) | 921 | 970 | 1033 | 1015 | 1139 |
| **Final Consumption Expenditure as percentage of GDP** | **89.45** | **88.08** | **90.79** | **96.18** | **89.75** |
| **Gross Domestic Saving as percentage of GDP** | **10.55** | **11.92** | **9.21** | **3.82** | **10.25** |
| **Gross National Saving as percentage of GDP** | **40.69** | **45.73** | **44.14** | **39.96** | **43.78** |
| **Exports of goods and services as percentage of GDP** | **10.69** | **11.51** | **11.62** | **9.49** | **9.76** |
| **Imports of goods and services as percentage of GDP** | **37.46** | **40.75** | **41.47** | **39.38** | **42.02** |
| **Gross Fixed Capital Formation as percentage of GDP** | **22.59** | **23.52** | **27.97** | **28.80** | **33.80** |
| **Resource Gap as percentage of GDP( +/-)** | **3.37** | **4.57** | **5.09** | **6.25** | **1.27** |
| **Workers' Remittances as percentage of GDP** | **25.64** | **27.66** | **28.98** | **29.59** | **26.94** |
| Exchange rate (US$: NRs) | 87.96 | 98.21 | 99.49 | 106.35 | 106.10 |
| Population (millions) | 27.21 | 27.58 | 27.95 | 28.33 | 28.71 |

**R = Revised/P = Preliminary**

**April 25, 2017**

# के.त.वि. योजना शाखाबाट सञ्चालित आ.ब.०७४।७५ मा सञ्चालन हुने कार्यक्रम तथा बजेट सम्बन्धमा अन्तरक्रिया

योजना शाखाको आयोजनामा केन्द्रीय तथ्यांक विभाग र मातहतका ३३ तथ्यांक कार्यालयहरुले आगामी आ.व. ०७४।७५ मा सञ्चालन गर्ने भावी कार्यक्रम तथा बजेट सम्बन्धमा यस विभागका महानिर्देशकज्यूको उपस्थितिमा गत फागुन १८ गते एक छलफलको आयोजना गरियो। छलफलमा उपमहानिर्देशक, निर्देशक तथा अधिकृत कर्मचारीहरुको उपस्थिति रहेको थियो। उक्त छलफलमा महानिर्देशक श्री सुमनराज अर्यालज्यूले आगामी आ.व.को लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा चौधौं योजनाका तथ्यांकीय आवश्यकताहरु, प्रयोगकर्ताहरुको माग, तथ्यांक विकासका लागि राष्ट्रिय रणनीतिका प्राथमिकताहरु, सहस्राब्दी विकास लक्ष्यका सूचकहरुका लागि आवश्यक पर्ने तथ्यांकहरु, सालबसाली र आवधिकरुपमा गर्नैपर्ने सर्वेक्षण तथा अनुमानहरु र विभागले निरन्तर प्रकाशन गरिरहेका प्रकाशनहरुलाई ध्यानमा राखी तीन वटै महाशाखा र मातहतका शाखाहरुले यथेष्ट पुष्ट्याईं र औचित्यसहित कार्यक्रम तथा बजेट तयार गर्न निर्देशन दिनुभयो।

छलफलमा उपमहानिर्देशकज्यूहरुले मातहतका शाखाका निर्देशकहरुलाई एक हप्ताभित्रमा शाखाभित्रै आन्तरिक छलफल गरी शाखाको जनशक्ति र जिल्लास्थित तथ्यांक कार्यालयहरुको कार्यव्यस्तता र जनशक्तिसमेतलाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गर्न सुझाव दिनुभयो। छलफलमा सहभागी केही निर्देशकहरुले कार्यक्रम तथा बजेट तर्जुमाका लागि शाखागत सिलिंग भए सरल हुने धारणा राख्नुभयो भने केहीले पुष्ट्याइँका लागि स्तरीय ढाँचा योजना शाखाबाट उपलब्ध गराइयोस् भन्नुभयो।

योजना शाखाका निर्देशक श्री राजन सिलवालले तथ्यांक कार्यालयहरुले आगामी आ.व. मा सञ्चालन गर्ने प्रस्तावित कार्यक्रमहरुका लागि सबै ३३ तथ्यांक कार्यालयहरुलाई इमेल पठाई सकिएको र भरिसक्य विस्तृत पुष्ट्याइँसहित पेश गर्न जानकारी गराइएको बताउनु भयो। कार्यक्रमको अन्त्यमा उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठले प्रस्तावित कार्यक्रम तथा बजेट अर्थ मन्त्रालयद्वारा निर्दिष्ट LMBIS सफ्टवेयरमा प्रविष्टि गर्नुपर्ने भएकोले सोका लागि उपयुक्त हुने गरी प्रस्तावित प्रत्येक कार्यक्रमहरुको पुष्ट्याइँ समेत तयार गर्नका लागि सम्बन्धित सबैलाई जानकारी गराउनु भयो।

# केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरूको जानकारी र राष्ट्रिय तथ्याङ्क अभिलेखालय (National Data Archive, NADA) बारे सुसूचितिकरण कार्यक्रम

केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरुको जानकारी र राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA) बारे सुसूचितिकरण कार्यक्रम मिति २०७३/११/१८ गते बुधबार सुदुर पश्चिमाअंचल विश्वविद्यालय, महेन्द्रनगर, कञ्चनपुरमा सम्पन्न भयो। कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरुको उपलब्धता तथा प्रयोगबारे जानकारी

गराईनुका साथै के.त.वि. को वेवसाईटमा रहेको राष्ट्रिय तथ्याङ्क अभिलेख (NADA) मा रहेका गणना तथा सर्वेक्षणहरुको जानकारी र यसको प्रयोग बारे सहभागीहरुलाई प्रत्यक्ष प्रयोगात्मक अभ्यास (Demonstration) गरी जानकारी गराइयो। सुदूर-पश्चिमाअंचल विश्वविद्यालय, मानविकी तथा सामाजिक संकायका प्रमुख सह-प्राध्यापक डा. सुरेश सिहँ भण्डारीको सभापतित्वमा सञ्चालन भएको कार्यक्रममा विश्वविद्यालयका विभिन्न संकायहरु (व्यवस्थापन, शिक्षा, र मानविकी तथा सामाजिक संकाय) का प्राध्यापक तथा विद्यार्थीहरु गरी ६५ जनाको उपस्थिति थियो। कार्यक्रममा "के.त.वि. मा प्रकाशन तथा डाटाहरुको उत्पादन, डिसिमिनेसन र वितरण प्रकिया सम्बन्धि जानकारी" कार्यपत्र प्रस्तुत गर्दै के.त.वि. प्रकाशन, वितरण तथा पुस्तकालय शाखाका निर्देशक श्री तीर्थराज चौलागाँईले के.त.वि.का उत्पादनहरु, तिनीहरुको डिसिमिनेसन र प्रयोगकर्ताहरुले प्राप्तीका लागि गर्नुपर्ने प्रक्रियाका बारेमा प्रकाश पार्नु भयो। साथै "राष्ट्रिय तथ्याङ्क अभिलेखालयको उदेश्य, उपयोग, उपयोगिता र प्रयोग गर्ने तरिका" सम्बन्धी प्रस्तुतीमा के.त.वि. प्रकाशन, वितरण तथा पुस्तकालय शाखाका निर्देशक डा. महेश कुमार सुवेदीले के.त.वि.को वेभसाईटमा रहेको



राष्ट्रिय तथ्याङ्क अभिलेख (NADA: www.cbs.gov.np/nada) को अनलाईन Demonstration गरी त्यहाँ अभिलेख गरिएका गणना तथा सर्वेक्षणहरुको बारेमा बिस्तृतजानकारी गराउनुका साथै नाडाको प्रयोगबाट प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरुले लिनसक्ने लाभका बारेमा पनि बताउनु भयो। उक्त कार्यपत्रमा विद्युतीय माध्यमबाट गरिने Data Dissemination र सो का लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाले अवलम्बन गरेका Data Portals हरुको बारेमा पनि जानकारी गराईएको थियो।

कार्यक्रममा स्थानीय आयोजक तथ्याङ्क कार्यालय, कञ्चनपुर तथ्याङ्क अधिकृत श्री गोबिन्द प्रसाद नेउपानेले स्थानीय स्तरमा तथ्याङ्कको उत्पादन, वितरण र तथ्याङ्कको आवश्यक्ता र तथ्याङ्क कार्यालय कञ्चनपुरको भूमिकाका बारेमा जानकारी गराउनु भएको थियो भने सुदूर-पश्चिमाअंचल विश्वविद्यालय मानविकी तथा सामाजिक संकायका उप-प्रा. दिपक चन्द्र भट्टले अध्ययन तथा अनुसन्धानमा तथ्याङ्कको प्रयोग, उपलब्धता र चुनौतिहरुको बारेमा आफ्नो धारणा राख्नुभएको थियो।

## तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण २०१७ को संक्षिप्त परिचय

केन्द्रीय तथ्याङ्क विभागले उत्पादन तथा वितरण गरिरहेका तथ्याङ्कहरुको सम्बन्धमा प्रयोगकर्ताहरुको धारणा वुझ्न, प्रयोगकर्ताहरुको तथ्याङ्कीय आवश्यकता पहिचान गर्न तथा विभागद्धारा उत्पादित तथ्याङ्कको गुणस्तर एवं सेवाप्रवाहका सम्बन्धमा लाभग्राहीहरुको सन्तुष्टि मापन गर्न पहिलो पटक एक **तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण २०१७** संचालन गरिरहेको छ। सर्वेक्षणमा विभागले प्रदान गर्ने सेवा, उत्पादन गर्ने विषयगत एवं क्षेत्रगत तथ्याङ्क, विभागको वेवपेज, विभागका प्रकाशन एवं उत्पादित तथ्याङ्कको गुणस्तर र जिल्लास्थित तथ्याङ्क कार्यालयको सेवा प्रवाह सम्बन्धी प्रश्नावली समावेश गरिएका छन। सर्वेक्षणबाट प्राप्त नतिजा एवं पृष्ठपोषण तथ्याङ्क विभागका उत्पादन तथा सेवालाई थप गुणस्तरिय बनाउन, सेवाग्राहीको आवश्यकता वमोजिमका तथ्याङ्क उत्पादन गर्न र सेवा प्रवाहलाई प्रयोगकर्ता-मैत्री बनाउन प्रयोग गरिने छन्।

सर्वेक्षणका उद्देश्यहरु

- केन्द्रीय तथ्याङ्क विभागको सेवाप्रवाह, तथ्याङ्कीय उत्पादन एवं वितरणका सम्वन्धमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने,
- तथ्याङ्क प्रयोगकर्ताहरुको तथ्याङ्कीय आवश्यकता सम्बन्धी जानकारी प्राप्त गर्ने,
- तथ्याङ्कीय उत्पादन, वितरण र सेवालाई प्रभावकारी वनाउन सुझाव संकलन गर्ने,
- तथ्याङ्क विभाग तथा अर्न्तगतका कार्यालयहरु र यसका सेवाग्राहीवीच समन्वय कायम गर्ने।

सर्वेक्षणको विधि र नमुना छनौट

यो सर्वेक्षणमा उत्तरदाताको छनौट असंयोगिक उद्देश्यमुलक नमुना छनौट विधि (Non-random Purposive Sampling Method) बाट गरिएको छ। यस सर्वेक्षणको लागि उत्तरदाता भन्नाले के.त.वि.का प्रकाशन, डाटा, वा वेवसाइट प्रयोग गरेको, वा के.त.वि.बाट कुनै प्रकारको तथ्याङ्कीय परामर्श वा सुझाव लिएको व्यक्ति भन्ने बुझाउँदछ। तथ्याङ्क विभागका तथ्याङ्कहरु प्रयोग नगरेको वा विभागबाट तथ्याङ्कीय सेवा नलिएको व्यक्ति यस सर्वेक्षणको नमुनामा छनौट गरिने छैन। यस सर्वेक्षण प्रयोजनका लागि उत्तरदाताहरुलाई उनीहरु संलग्न सधंसस्थाको आधारमा छ वटा समुह : १. शैक्षिक तथा अनुशन्धानमुलक संधसस्थामा आवद्ध तथ्याङ्क प्रयोगकर्ता, २. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर-सरकारी संधसस्थामा आवद्ध तथ्याङ्क प्रयोगकर्ता, ३. सरकारी निकायमा आवद्ध तथ्याङ्क प्रयोगकर्ता, ४. व्यवसायिक संधसस्थामा आवद्ध तथ्याङ्क प्रयोगकर्ता, ५. राजनीतिक पार्टी तथा नागरिक समाजमा आवद्ध तथ्याङ्क प्रयोगकर्ता, र ६. प्रेस तथा मिडियामा आवद्ध तथ्याङ्क प्रयोगकर्तामा बाडिएको छ। तर यस सर्वेक्षणमा उत्तरदाताले प्रदान गरेको विचारले उत्तरदाता कार्यरत संस्थाको धारणालाई प्रतिनिधित्व गर्ने छैन। यो प्रयोगकर्ता एवं उत्तरदाताको व्यक्तिगत धारणा हुनेछ । यस सर्वेक्षणको जम्मा उत्तरदाता संख्या (स्याम्पल साइज) १००० (एक हजार सय) जना हुनेछ। सर्वेक्षणमा समावेश हुने उत्तरदाताहरु काठमाण्डौं लगायत पन्ध्रवटा जिल्लास्थित तथ्याङ्क कार्यालयहरुको कार्यक्षेत्रमा पर्ने जिल्लाहरुबाट माथि उल्लेखित ६ वटा संघ सस्थामा संलग्न व्यक्तिहरु हुनेछन। यसको अलावा यस सर्वेक्षणमा के.त.वि. मा सूचिकृत भएका तथ्याङ्क प्रयोगकर्तालाई इमेल मार्फत पनि विधुतिय प्रश्नपत्र पठाई उत्तर संकलन गरिएको छ।

यस सर्वेक्षणको प्रश्नावली के.त.वि. को वेवसाइटः http://cbs.gov.np/eSUSS_2017 मा पनि राखिएको छ। इच्छुक प्रयोगकर्ताहरुले त्यहाँ प्रश्नावलीको सिरानमा उल्लेखित जानकारी र निर्देशन अनुसार उक्त प्रश्नावली भरि यस सर्वेक्षणमा सहभागी हुन सक्नुहुनेछ।

**सर्वेक्षणकार्यका लागि छानिएका तथ्याङ्क कार्यालयहरु**

पाँचथर, मोरङ्ग, सुनसरी, धनुषा, काभ्रे, मकवानपुर, पर्सा, चितवन, कास्की, कपिलवस्तु, दाङ्ग, बाँके, सुर्खेत, कंचनपुर र काठमाण्डौं।

# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) सम्बन्धि सूचनाहरूको विवरण

### १. केतविको स्वरुप र प्रकृति

जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी विभागहरुको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) लाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सम्बन्धी कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गर्न वाञ्छनीय भएकोले २०१५ साल मार्ग १८ गतेका दिन नेपालमा तथ्याङ्क ऐन, २०१५ लागू भयो । यही ऐनको आधारमा साविक सङ्ख्या विभाग खारेज भई २०१५ साल पौष १७ गते (जनवरी १, १९५९) केन्द्रीय तथ्याङ्क विभाग (के. त. वि.) को स्थापना भएको हो । केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने जिम्मेवार निकायको रुपमा स्थापना गरिएको छ ।

### २. केतविको काम, कर्तव्य र अधिकार

- नेपाल सरकारलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने
- आर्थिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्ने
- स्तरीय तथ्याङ्क संकलनका लागि सर्वमान्य विधि, प्रामाणिक वर्गीकरण (Standard Classifications),परिभाषा र स्तरीय वर्गीकरणहरुको विकास गरी तिनको प्रयोग गर्ने, गराउने
- आ-आफ्नो प्रयोजनको लागि तथ्याङ्क संकलन गर्ने निकायहरुबीच समन्वय ल्याई एकै किसिम र प्रकृतिको तथ्याङ्क विभिन्न निकायबाट संकलन गर्ने दोहोरोपनाको प्रवृत्ति हटाई एकीकृत तथा समन्वित तथ्याङ्क संकलन स्थितिको विकास गर्ने
- देशको लागि आवश्यक पर्दै जानसक्ने विभिन्न किसिमका तथ्याङ्कको पहिचान गरी त्यस्ता तथ्याङ्क उत्पादन गर्ने, गराउने
- विभिन्न गणना र सर्वेबाट संकलित तथ्याङ्क अभिलेखहरु सुरक्षित रुपमा राख्ने
- अन्तर्राष्ट्रिय प्रविधि अध्ययन गरी तथ्याङ्क संकलनलाई वैज्ञानिक, भरपर्दो र उपयोगी बनाउँदै लैजाने
- राष्ट्रियस्तरका तथ्याङ्कहरुमा सामञ्जस्य र एकरुपता कायम गरी उत्पादित तथ्याङ्कहरुको गुणस्तर कायम गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने
- तथ्याङ्कसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनारको आयोजना गर्ने, गराउने । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने त्यस्तो तालिम, गोष्ठी, सेमिनारमा नेपाल सरकारका तर्फबाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने।
- विभिन्न तथ्याङ्क सम्बन्धी गतिविधिलाई निर्देशन दिने र नियन्त्रण गर्ने
- तथ्याङ्क क्षेत्रमा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्ने
- अन्तर्गतका तथ्याङ्क कार्यालयहरुबाट नियमित र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने पद्धति व्यवस्थित गर्ने

### ३. कर्मचारी संख्या र कार्य विवरण

केतवि र यस अन्तर्गत तेत्तीसवटा तथ्यांक कार्यालयहरु रहेका छन् । हाल विभागमा १४८ जना र तथ्यांक कार्यालयहरुमा ३८४ जना गरी जम्मा ५३२ कर्मचारीहरुको दरवन्दी रहेको छ ।

### ४. प्रदान गरिने सेवा

- वातावरण, आर्थिक लेखा तथा स्याटलाइट लेखा सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- औद्योगिक तथा प्रतिष्ठान गणना (साना /मझौला/ठूला उद्योग) को तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- औद्योगिक उत्पादन, निर्माण सामग्री, कामदार ज्यालादर, मूल्य सम्बन्धी आवधिक सूचकांकहरुको संकलन, प्रशोधन तथा विश्लेषण
- कृषि तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
- व्यापार तथ्याङ्कको संकलन, संग्रह, प्रशोधन, विश्लेषण
- कुल ग्रार्हस्थ उत्पादन लगायत आर्थिक सूचकहरु संकलन, संग्रह, प्रशोधन, विश्लेषण

- तथ्यांकीय प्रकाशनहरु
- पुस्तकालय सेवा
- जनसंख्या तथ्याङ्क संकलन, संग्रह, प्रशोधन तथा विश्लेषण
- विद्युतीय माध्यमबाट तथ्याङ्कको उपलब्धता
- सामाजिक तथ्याङ्क (शिक्षा, स्वास्थ्य, प्रजनन्, सरसफाई, मानव विकास, दूर्घटना, अपराध, मुद्दा, जन्म, मुत्यू, विवाह, बसाई-सराई, लैङ्गिक विभेद, सामाजिक, आर्थिक तथा जनसांख्यिक) को संकलन, प्रशोधन तथा विश्लेषण
- भौगोलिक सूचना प्रणालीमा आधारित नक्सांकनका कार्यहरु

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

के.त.वि.का कार्यगत शाखाहरुमा कार्यरत निर्देशकहरु तथा तथ्यांक कार्यालयका प्रमूखहरु सम्बन्धित कामका लागी जिम्मेवार अधिकारी हुन् ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

विभागबाट प्रदान गरिने प्राय:जसो प्रकाशनहरु तथा सेवाहरु नि:शुल्क प्रदान गरिन्छ । प्राय:जसो सर्वेक्षण तथा गणनाका माइक्रो डाटा सेटहरु स:शुल्क उपलब्ध हुनेछन् । माग गरेको सेवाको प्रकृति अनुसार यथाशिघ्र सेवा उपलब्ध गराईने छ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारी**

सेवाग्राहीले आफूले चाहेको सेवाको विषयवस्तु सँग सम्वन्धित शाखाका निर्देशक समक्ष लिखित वा मौखिक रुपमा सूचना माग गर्नु पर्ने छ । निज निर्देशकनै आफ्नो शाखाको विवरण उपलब्ध गराउने जिम्मेवार अधिकारी हुन् ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कुनै निर्देशकले गरेको निर्णय उपर सम्बन्धित महाशाखा प्रमुख अर्थात उपमहानिर्देशक समक्ष उजुरी दिन सकिने छ ।

**९. आ.व. २०७३/७४ मा संचालन भैरहेका प्रमुख कार्यक्रमहरु**

- नेपाल तरकारी वाली सर्वेक्षण
- बाली तथा पशुपंक्षी उत्पादन लागत अनुमान
- Area based Agriculture Master sample frame तयारी
- भूकम्प प्रभावित आवास पूननिर्माणको लागि परिवार लगत संकलन कार्यक्रम
- नेपाल मत्स्य तथ्यांक सर्वेक्षण
- विज्ञापन एजेन्सी सर्वेक्षण
- औद्योगिक गणनाको प्रारम्भिक कार्य
- आयात निर्यात मूल्य सूचकांक निर्माण
- सहकारी संस्थाको listing and survival analysis
- नेपाल तथ्यांक व्यवशायिक रजिष्टर तयारी
- आर्थिक गणना २०७५ को लागि पाईलट आर्थिक सर्वेक्षण २०७४
- मुल्य तथा उत्पादक सुचकांक तयार
- राष्ट्रिय लेखा अनुमान
- National Account Rebasing सम्बन्धी कार्य
- System of Environmental-Economic Accounting (SEEA) सम्बन्धी कार्य
- जलवायु परिवर्तन सम्बन्धी सर्वेक्षण
- **नेपाल वातावरण तथ्यांक २०१६ प्रकाशन**
- सेटलमेन्ट नक्सांकन सम्बन्धी कार्य ।
- गणना क्षेत्र नक्सांकन सम्बन्धी कार्य
- वार्षिक घरपरिवार सर्वेक्षण
- नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो
- सुचना प्रविधिसम्बन्धी कार्य
- शहरी क्षेत्रको जनसांख्यिक सर्वेक्षण (Urban Population Survey–UPS)
- नेपाल इन्फो २०१६ को सि.डी. प्रकाशन कार्य
- लैङ्गिक तथ्यांक Leaflet प्रकाशन
- SDGs का सूचकहरुको व्यवस्थापन कार्य
- महिला विरुद्धको हिंसा सम्बन्धी सर्भेक्षण
- राष्ट्रिय ट्रान्सफर लेखा सम्बन्धी प्रारम्भिक कार्य
- Statistics User Satisfaction Survey २०१७ संचालन
- NADA सम्बन्धी कार्य
- राष्ट्रिय जनगणना २०७८ का प्रारम्भिक कार्य

- वार्षिक कार्यक्रम सम्बन्धी केन्द्रीयस्तरको गोष्ठी
- विभिन्न त.का. हरुबाट भइरहेको वार्षिक कार्यक्रम सञ्चालनको अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन
- सर्भेक्षण अनुमती प्रणालीको वेवपेज तयार
- राष्ट्रिय तथ्यांक दिवस मनाउने
- NSDS सम्बन्धी कार्य
- **१०. सूचना अधिकारी र प्रमुखको नाम र पद**
- प्रमुख श्री सुमन राज अर्याल (महानिर्देशक)
- सूचना अधिकारी श्री प्रमोद राज रेग्मी (निर्देशक)

**११. ऐन, नियम, विनियम, निर्देशिकाको सूची**

- तथ्यांक ऐन, २०१५
- तथ्यांक नियमहरु, २०४१
- केन्द्रीय सङ्गठन दिग्दर्शन, २०५४, केन्द्रीय तथ्याङ्क विभाग
- केन्द्रिय तथ्यांक विभागको कार्यविधि, २०६४

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

आ.व.२०७३/७४ को केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त कूल अख्तियारीको विवरण निम्न बमोजिम रहेको छ।

- केन्द्रिय तथ्यांक विभाग : रु. ६७४५२०००
- आर्थिक तथ्याक विकास कार्यक्रम : रु. ३४६८१०००
- सामाजिक तथ्यांक विकास कार्यक्रम : रु. १४३४७२०००
- योजना तथा जनशक्ति विकास कार्यक्रम :रु. ४४२८२०००
- तथ्यांक कार्यालयहरु : रु. २२८३०४०००

**१३. तोकिए बमोजिमका अन्य विवरण**

बार्षिक कार्यक्रमका अलावा अन्य निकायहरुबाट माग भएअनुसार पनि कार्यक्रम संचालन गरिएको छ। भुकम्प पुर्ननिर्माण सम्बन्धी घर परिवार लगत संकलन कार्य गत आ.व. मा ११ जिल्लामा सम्पन्न गरिएको र यस आ.व. मा उपत्यकाका तीन जिल्लामा सो कार्य भइरहेको छ। यसैगरी व्यक्तिगत घटना बेसलाइन अध्यायन संचालनमा रहेको् छ।

**१४. सार्वजनिक निकायको वेवसाइट**

यस केन्द्रिय तथ्यांक विभागको वेभसाइट www.cbs.gov.np रहेको छ।

**१५. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण**

केही निकायहरुले आफ्ना प्रकाशनहरुमा यहाँबाट प्रकाशित तथ्यांक समावेश गर्नु बाहेक अन्यत्र प्रकाशन नभएको।

## आगामी आर्थिक बर्ष २०७४/७५ मा गरिने मुख्य तथ्यांकीय कार्यहरू:

- नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो संचालन।
- नगरपालिकाहरुको गणनाक्षेत्र नक्सा तयारीको लागि भौगोलिक तथ्याङ्क संकलन गर्ने।
- राष्ट्रिय जनगणना २०७८ को तयारी सम्बन्धि कार्य गर्ने।
- राष्ट्रिय कृषिगणना २०७८ को पूर्व तयारी सम्बन्धि कार्य गर्ने।
- SEEA अन्तर्गत Water and Energy क्षेत्रको Account तयार गर्ने।
- ICP सम्बन्धि मूल्य सर्वेक्षण।
- नेपाल व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण २०७४ गर्ने।
- स्थायी बाली तथा अन्य उत्पादनको उत्पादन लागत सर्वेक्षण २०७४ गर्ने।
- बार्षिक राष्ट्रिय लेखा सम्बन्धि कार्य गर्ने।
- राष्ट्रिय आर्थिक गणना २०७५ को पाइलट सर्वेक्षणको नतिजा प्रकाशन।
- एघारौ औधोगिक गणनाको तयारी कार्य गर्ने।

## तथ्याङ्क प्रयोगकर्ताहरुको लागि जानकारी

केन्द्रीय तथ्याङ्क विभाग नेपालको तथ्याङ्कीय प्रणालीमा केन्द्रीय निकायको रुपमा रहेको छ । यसले मुलुकको आर्थिक, सामाजिक र जनसाख्यिक गतिविधिबारे विभिन्न सर्वेक्षण तथा गणनाहरु मार्फत तथ्याङ्क संकलन गरी राष्ट्रिय नीति निर्धारण एवं विकास योजनाका लागि नेपाल सरकारलाई आवश्यक, स्तरीय एवं भरपर्दो तथ्याङ्क नियमित रुपमा उपलब्ध गराउदै आएको छ । विभागले तथ्याङ्क उत्पादनका साथै उत्पादित तथ्याङ्कहरु यसका प्रयोगकर्ताहरुलाई सरलरुपमा उपलब्ध गराउन विभिन्न माध्यमहरु अपनाएको छ जस्तैः मुद्रित स्वरुप (नेपालको तथ्याङ्कीय झलक, स्टाटिस्टिकल ईयर बुक, नेसनल एकाउण्ट अफ नेपाल, सर्वेक्षण तथा गणनाहरुको तथ्याङ्कीय प्रतिवेदन, कृषि, जनसाख्यिक तथा औद्योगिक मोनोग्राफहरु), विद्युतीय माध्यम (सि.डि-रोम, डाटा पोर्टल, वेभसाईट), प्रेस विज्ञप्ती, तथ्याङ्क उत्पादक र प्रयोगकर्ताहरुवीच छलफल कार्यक्रम आदि । विभागले आफ्ना सम्पूर्ण प्रकाशनहरु यसको वेभसाईट www.cbs.gov.np मार्फत निशुःल्क रुपमा हेर्न र डाउनलोड गर्न सक्ने व्यवस्था गरेको छ । साथै विभागबाट विभिन्न समयमा सम्पन्न गरिएका महत्वपूर्ण सर्वेक्षण र गणनाहरुको मेटाडाटा र डाटा सहित प्रश्नावली, निर्देशिका र रिर्पोटहरुको सुव्यवस्थित भण्डारण गरी एक विद्युतीय राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA) तयार गरिएको छ । उक्त NADA विभागको वेभसाईट www.cbs.gov.np/nada/ मा रहेको र यसका प्रयोगकर्ताहरुको उपयोगका लागि सहज रुपमा उपलब्ध छ ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौं, फोन नं.: ४२४५९४६, ४२४५९४७, ४२४५९४८
फ्याक्स नं.: ९७७-१-४२२७७२९, URL: www.cbs.gov.np